# प्रतिवेदन

**परिचय**

निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन आवश्यक छ । नेपालका अधिकारकर्मी र नागरिक समाजले निर्वाचनहरूको विगत लामो समयदेखि निर्वाचको पर्यवेक्षण गर्दै आएका छन् । २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा सदस्य निर्वाचनलाई ऐतिहासिक र फलदायी बनाउन नागरिक तहबाट जन सचेतना, सार्वजनिक संपरीक्षण र प्रभावकारी पर्यवेक्षण गर्ने अभियप्रायले आम नागरिक समाजको सहकार्यमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सञ्चालन गरिएको थियो । यो अभियानलाई सफलतार्पूवक सम्पन्न गर्न स्वयम्सेवीरूपमा नागरिक सङ्गठन र अगुवाहरू अहोरात्र खटिएका थिए । राजनीतिक दल र उम्मेदवारहरूलाई जवाफदेही बनाउन र आम मतदाताहरूलाई जागरुक बनाउन देशभरी विशेष नागरिक अभियान सञ्चालन गरिएको थियो । विगतको अनुभव र क्षमताका कारण २०७४ वैशाख ३१ गतेका लागि घोषित स्थानीय तहको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सञ्जाल मार्फत अभियान सञ्चालन गरिनेछ । यो अभियानमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल मानव अधिकार सङ्गठन,सामुदायिक रेडियो प्रशारक सङ्घ, निर्वाचन पर्यवेक्षण समिति, निर्वाचनका लागि युवा साझा अभियान र बहिर्गमित लडाकु नेपाल संलग्न छन् ।

निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी **२०७३ फागुन** १८ गतेदेखि लागु हुने गरी आचार संहिता जारी गरेको छ ।

**आचार संहिता लागु भएपछि मतदातालाई भय सिर्जना गर्ने गरी भएका गतिविधिहरू**

- **फागुन १८ गतेः सिरहा**
  नेपाली काङ्ग्रेसको पार्टी कार्यालयमा फागुन १८ गते राति अज्ञात समूहले आगजनी गरेको छ । पेट्रोल प्रयोग गरेर आगजनी गर्दा पार्टी कार्यालयको झ्याल डढेको तरूण दलका जिल्ला अध्यक्ष लक्ष्मण शाहीले बताए । उनले भने-'पेट्रोल प्रयोग गरेर आगजनी गर्दा पार्टी कार्यालयमा क्षति पुगेको छ ।' आगजनी भएको खबर प्राप्त भएपछि नेविसङ्घमा आवद्ध विद्यार्थी र प्रहरी टोली घटना स्थलमा समयमै पुगेपछि आगो नियन्त्रणमा लिएको शाहीले बताए ।
- **फागुन १८ गतेः हुम्ला**
  नेकपा एमालेका कार्यकर्ता श्रीनगर गाविस-१ का ३० वर्षीय धने सुनार र सोही गाविस-३ का ३५ वर्षीय प्रकाश बोगटीलाई फागुन १९ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताले आक्रमण गरी घाइते बनाएको पीडित पक्षको आरोप छ । श्रीनगर गाविसमा नेकपा एमालेको वृहद आमसभा लगत्तै नेपाली काङ्ग्रेसका कार्यकर्ताले बाहिरबाट ढुङ्गा प्रहार गर्दा उनीहरू घाइते भएको पीडित पक्षले आरोप लगाएका छन् । नेपाली काङ्ग्रेसका कार्यकर्ता नेकपा एमाले पार्टीमा प्रवेश गरेको विरोधमा काङ्ग्रेसका कार्यकर्ताले एमालेको कार्यक्रम सकिए लगतै ढुङ्गा प्रहार गरेको पत्रकार कालिबहादुर थापाले जानकारी दिए ।
- **फागुन २० गतेः सप्तरी**
  व्यवस्थापिका संसदको महिला-बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समितिकी सभापति रन्जु झामाथि राजविराजमा फागुन २० गते अपरान्ह संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले आक्रमण गरेका छन् । कालो झण्डा बाँधेर मोटरसाइकलमा आएका मोर्चाका कार्यकर्ताहरूले बा.१ झ ८४८९ नम्बरको सांसद झा चढेको गाडीमाथि ढुङ्गा र लाठी प्रहार गरी गाडीमा क्षति पुऱ्याएका छन् । त्यसैगरी मोर्चाका कार्यकर्ताहरूले फागुन २० गते साँझ राजविराजस्थित बिनोद आर्टस पसलबाट एमालेको झण्डाहरू निकालेर जलाएका छन् ।
- **फागुन २० गतेः सप्तरी**
  नेकपा (एमाले) सप्तरीका उपसचिव प्रतापनारायण चौधरीलाई राजविराज नपा-१ स्थित मालपोत कार्यालय अगाडि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले फागुन २० गते मोसो दलेर दुर्व्यवहार गरेका छन् ।
- **फागुन २३ गतेः सप्तरी**
  राजविराजको औद्योगिक क्षेत्रमा नेकपा एमालेको मेची महाकाली अभियानको कार्यक्रम सकिएपछि सभास्थल बाहिर मधेसी मोर्चाका कार्यकर्ताले ढुङ्गामुढा गर्न थालेपछि प्रहरीसँग भएको भिडन्तमा प्रहरीको गोली लागी पाँचजनाको मृत्यु भयो ।
- **फागुन २० गतेः रौतहट, बारा**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले यो अवधिमा संविधान संशोधन र स्थानीय निर्वाचनको विरोधमा बन्द आह्वान गर्नुका साथै अन्य राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूमाथि आक्रमण प्रयास गरेको घटना अभिलेख छ । अभिलेखित घटना अनुसार मधेसी मोर्चाका कार्यकर्ताहरूले नेपाल राष्ट्रिय शिक्षक सङ्गठन रौतहटका जिल्ला अध्यक्ष ४७ वर्षीय मणिशंकर निधिलाई ०७३ फागुन २३ गते, नेकपा एमाले बाराको कलैयास्थित पार्टी कार्यालयका सचिव ५३ वर्षीय शंकर भट्टराई र कलैया नगरकमिटी सदस्य ५० वर्षीय रामएकवाल पटेललाई फागुन २५ गते मोसो दलेर दुर्व्यवहार गरे । कलैया नगरपालिका-१२ का ३८ वर्षीय एमालेका कार्यकर्ता अलिराज हवारीलाई फागुन २४ गते दुर्व्यवहार गरे ।[१]
- **फागुन २४ गतेः सप्तरी**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सप्तरीको फागुन २४ गते बसेको बैठकले नेकपा (एमाले) का समर्थकहरूलाई सप्तरी जिल्लामा सामाजिक बहिष्कार गर्न आह्वान गऱ्यो ।

[१] http://inseconline.org/np/wp-content/uploads/2017/03/Monthly-Analysis-February-Nepali-Final.pdf

बहिर्गमित पूर्व लडाकु नेपाल
सामुदायिक रेडियो प्रशारक संघ
निर्वाचनका लागि युवा, साझा अभियान
निर्वाचन पर्यवेक्षण समिति
नेपाल मानव अधिकार सङ्गठन
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)



Secretariat
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org

- **फागुन २० गतेः सिरहा**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले फागुन २४ गते लहान नपा-१ स्थित नेकपा (एमाले) को क्षेत्रीय कार्यालयमा तोडफोड गर्नुको साथै कार्यालयमा रहेका फर्निचरलगायतका भौतिक सामग्रीमा आगजनी गरेका छन् । मोर्चाका नेता तथा कार्यकर्ताहरूले एमालेको पार्टी कार्यलयमा तोडफोड गर्नुका साथै सम्पूर्ण सामानहरू सडकमा ल्याएर आगजनी गरेको मोर्चाका नेता कृष्णबहादुर यादवले बताए ।
- **फागुन २४ गतेः बारा**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आह्वान गरेको बन्दको पहिलो दिन फागुन २४ गते नेकपा एमालेको कलैयास्थित पार्टी कार्यालयमा आगजनी । तर, आन्दोलनरत संयुक्त लाकतान्त्रिक मधेसी मोर्चाले आगजनीबारे जिम्मेवारी लिएको छैन । भुईंतलाको बैठक कोठाको ढोका फोरेर ढोका र कोठाभित्र रहेका दराजमा आगो लगाइए पनि तत्काल प्रहरी घटनास्थल पुगेपछि क्षति हुनबाट जोगाइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजेन्द्रबाबु रेग्मीले बताए । मोर्चाका स्थानीय नेता रामबाबुकुमार यादवले आफूहरूको निर्देशनमा आगजनी नभएको बताए ।
- **फागुन २४ गतेः सप्तरी**
  राजविराज नपा-६ स्थित स्थानीय शान्ति समितिको कार्यालयमा फागुन २४ गते दिउँसो संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सप्तरीका कार्यकर्ताहरूले आगजनी गरेका छन् । कार्यालयको बोर्डलगायतका सामग्रीहरु तोडफोड गर्दै मोर्चाका कार्यकर्ताहरूले आगजनी गरेका हुन् । आगजनीबाट कार्यालयभित्र रहेका फर्निचर सामग्रीलगायत कागजातहरू जलेर क्षति पुगेको छ । स्थानीय शान्ति समितिको संयोजकमा हाल नेकपा (एमाले) सप्तरीका जिल्ला सदस्य निरञ्जन झा रहेका छन् ।
- **फागुन २५ गतेः सप्तरी**
  संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा सप्तरीका कार्यकर्ताहरूले राजविराज नपा-९ स्थित निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको घर, राष्ट्रिय योजना आयोगका पूर्व सदस्य प्रा. डा. कामानन्द देवको लिटिल फ्लावर सेकेण्ड्री स्कूल र व्यवस्थापिका संसदको महिला-बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समितिका सभापति रञ्जु झाको सम्पर्क कार्यालयमा फागुन २५ गते तोडफोड गरेका छन् । मोटरसाइकल जुलुससहित निस्किएका मोर्चाका कार्यकर्ताहरूले यादवको घरमा ढुङ्गामुढा गरे भने देवको स्कूलमा तोडफोड गरी सिसा फुटाएका छन् । उनीहरूले सांसद झाको राजदेवी चोकमा रहेको सम्पर्क कार्यालयमामा तोडफोड गर्दै कागजपत्रमा आगजनी गरे ।
- मलेठ गाविस-२ स्थित राजविराज-रुपनी सडक खण्डमा ना. ५ ख. ६७१३ नम्बरको 'स्वस्तिका' बसमा फागुन २६ गते राति मधेसी मोर्चाका कार्यकर्ताले आगजनी भएको छ । बीरगञ्जबाट राजविराज आउँदै गरेको बसका यात्रुहरूलाई ओरालेर तोडफोड गर्नुका साथै पेट्रोल खन्याएर आगजनी गरिएको प्रत्यक्षदर्शीहरूले बताए । उक्त बसमा सवार राजविराज नपा-६ की ३७ वर्षीया सवारीधनीलाई कुटपिट गरेको पीडितले बताइन् । फागुन २६ गते बिहान सोही बाटोमा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य एवम् प्रवक्ता मोहना अन्सारी चढेको बा.७ च ७४७९ नम्बरको जीप तोडफोड भएको थियो ।
- **चैत १ गतेः बाँके**
  नेकपा एमालेको मेची महाकाली अभियानको क्रममा बाँके जिल्लाको नेपालगञ्ज-गुलरिया सडक खण्डमा ०७३ चैत १ गते प्रहरी र मधेसी मोर्चाका कार्यकर्ताबिच झडप भयो । झडपमा मधेसी मोर्चाका १३ जना कार्यकर्ता घाइते भए । घाइतेमध्ये सोनपुर गाविस-८ का ७२ वर्षीय जमिल भाटको उपचारको क्रममा चैत ५ गते मृत्यु भएको मधेसी मोर्चाले दावी गरे पनि श्वासप्रश्वासमा समस्या देखिएको र सोही कारणले उनको मृत्यु भएको चिकित्सकले बताए । सोही दिन बाँके जिल्लाको सीमलघारीमा बन्दको अवज्ञा गरेको आरोपमा मोर्चाका कार्यकर्ताले भे १ ख २०४२ नम्बरको बसमा आगजनी गरे ।[१]
- **चैत ३ गतेः महोत्तरी**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले चैत ३ गते महोत्तरीको सात वटा गाउँपालिकामा नयाँ साइनबोर्ड झुण्ड्याउन अवरोध गर्नुको साथै मनरा गाउँपालिकाको कागज पत्र र बोर्ड समेत आगजनी गरेका छन् ।
- **चैत ३ गतेः सप्तरी**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले चैत ३ गते राजविराज क्षेत्रमा रहेका स्थानीय तहका कार्यालयहरूमा मधेस प्रदेश सरकार लेख्दै तालाबन्दी गरे ।
  मोर्चा कार्यकर्ताहरूले नेकपा (एमाले) केन्द्रीय सदस्य सुमनराज प्याकुरेलको घरमा ढुङ्गामुढा गरी सिसाहरू फुटाउनुका साथै घरबाहिर रहेका फर्निचर सडकमा ल्याई आगजनी गरेका छन् । यसैगरी मोर्चाका कार्यकर्ताले राजविराज नपा-५ मदननगरस्थित एमाले जिल्ला पार्टी कार्यालयको झण्डा निकालेर आगजनी गर्नुका साथै जिल्ला निर्वाचन कार्यालयको बोर्ड र सिसाहरू तोडफोड गरेका छन् ।
- **चैत ३ गतेः महोत्तरी, धनुषा, सिरहा, सप्तरी, नवलपरासी, कपिलवस्तु, रौतहट**
  मधेसी मोर्चाका कार्यकर्ताले आफूहरूको माग सम्बोधन नगरेसम्म तराई मधेसका विभिन्न जिल्लामा स्थानीय तहमा कामकाज गर्न नदिने चेतावनी दिएका छन् । सिरहा, मोरङ, नवलपरासी र कपिलवस्तु जिल्लाका गाउँपालिका र नगरपालिकाका कार्यालयमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले चैत ४ तालाबन्दी गरे ।
- **चैत ३ गतेः सप्तरी**
  संविधान संशोधनसहितका माग सम्बोधन नभएसम्म स्थानीय निर्वाचन हुन नदिने भन्दै संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले सप्तरी जिल्लाको पातो नगरपालिका, बेल्ही चपेना गाउँपालिका र छिन्नमस्ता गाउँपालिकामा चैत ६ गते तालाबन्दी गरेका छन् ।

---

[१] http://inseconline.org/np/wp-content/uploads/2017/03/Monthly-Analysis-February-Nepali-Final.pdf



**Secretariat**
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org

बहिष्कृत पूर्व लडाकु नेपाल
सामुदायिक रेडियो प्रशारक संघ
निर्वाचनका लागि युवा, साझा अभियान
निर्वाचन पर्यवेक्षण समिति
नेपाल मानव अधिकार सङ्गठन
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

- **चैत ४ गतेः रुपन्देही**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा रुपन्देहीले चैत ६ गते दक्षिण मर्चवार क्षेत्रका तीन वटा गाउँपालिकाको कार्यालयमा तालाबन्दी गऱ्यो ।
- **चैत ७ गतेः मोरङ**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा मोरङले चैत ७ गते जिल्ला समन्वय समिति मोरङको कार्यालयमा तालाबन्दी गरेको छ । सङ्घीय समाजबादी फोरम नेपाल मोरङका अध्यक्ष राजकुमार यादवको नेतृत्वमा गएको टोलीले कार्यालय खुल्ने समयमा तालाबन्दी गर्दै सूचना पाटीसमेत तोडफोड गरेको छ । तालाबन्दीपछि उनीहरूले कार्यालय अगाडि नाराबाजी गरेका थिए ।
- **चैत ९ गतेः महोत्तरी**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले चैत ९ गते महोत्तरीको भंगहा गाउँपालिकाको साइनबोर्ड झिकेर आगजनी गर्दै कार्यालयमा तालबन्दी गरे । निर्वाचन अगावै संविधान संशोधन गरेमात्र भाग लिने जनाउँदै मधेसी मोर्चाले निर्वाचनको विरोधमा भँगहा गाउँपालिको कार्यालयमा तालाबन्दी गरेका हुन् ।
- **चैत ७ गतेः मोरङ**
  मधेसी मोर्चाका कार्यकर्ताले २०७३ चैत १० गते सुनबर्षि नगरपालिका तथा तीन वटा गाउँपालिकामासमेत तालाबन्दी गर्दै कागजपत्र नियन्त्रणमा लिएका मोर्चाले जनाएको छ । फोरमका अध्यक्ष यादवले सुनबर्षि नगरपालिका सहित कटहरी, दादरबेरिया, धनपाल गाउँपालिका कार्यालयमा तालाबन्दी गरेर कागजपत्र नियन्त्रणमा लिएको बताए ।
- **चैत ७ गतेः जाजरकोट**
  जाजरकोट जिल्लामा नेविसङ्घका पूर्व केन्द्रीय सदस्य भेरीमालिका नपा-३ का ३७ वर्षीय रवीन्द्र शाहलाई ०७३ चैत १५ गते अज्ञात समूहले ढुङ्गाले हानेर हत्या गरेको प्रहरीले जनायो । घटनामा विप्लव माओवादीका कार्यकर्ताको संलग्नता रहेको प्रहरीले जनायो ।[३]
- **चैत १६ गतेः रुकुम**
  सानोभरी गाउँपालिका-६ मा नेपाली कङ्ग्रेस र एकीकृत माओवादी केन्द्रका कार्यकर्ताबिच चैत १६ गते भएको झडपमा कङ्ग्रेसका तीन जना कार्यकर्ता घाइते भए ।
- **चैत ७ गतेः मोरङ**
  नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी गुल्मीले चैत २७ गते विभिन्न गाउँपालिकाका साइनबोर्ड फाल्दै पार्टीको झण्डा टाँस्यो ।
- **चैत ३१ गतेः धादिङ**
  स्थानीय तह निर्वाचन नजिकँदै गर्दा सदरमुकाममै आचारसंहिता विपरीत नेपाली कङ्ग्रेसले विद्यालय भित्रै कार्यक्रम सञ्चालन गरेको छ । नीलकण्ठ नगरपालिका स्थित नीलकण्ठ उच्च माविमा चैत ३१ गते विद्यालयमा नेपाली कङ्ग्रेसले पार्टीको झण्डा राखेर कार्यक्रम आयोजना गरेको हो । विद्यालय भित्रै झण्डा, व्यानर, निर्वाचन चिन्हसमेत राखेर विद्यालय भित्रै आयोजित कार्यक्रममा नेपाली कङ्ग्रेसका जिल्ला तहका नेताहरू सहभागी थिए ।
- **वैशाख ३ गतेः कैलाली**
  नेपाली काङ्ग्रेसले चुनाव प्रचार प्रसारका लागि लम्कीचुहा नपा-६ गुलरामा स्थापना गरेको सम्पर्क कार्यालयमा वैशाख ३ गते राति अज्ञात समूहले तोडफोड गरेको छ । सो समूहले कार्यालयमा राखिएका चार वटा कुर्सी तोडफोड गर्नुका साथै पार्टीको झण्डा जलाएको प्रहरी कार्यालयका, लम्कीका इन्सपेक्टर नैनसिंह साउदले बताए ।
- **वैशाख ३ गतेः नवलपरासी**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आसन्न निर्वाचन बहिष्कारको आह्वान गर्दै वैशाख ३ गते नवलपरासीमा निर्वाचन कार्यालय घेराउ गरे । सो अवसरमा मोर्चाका कार्यकर्ताहरूले स्थानीय निर्वाचन बहिष्कार गरौं, निर्वाचन कार्यक्रम बन्द गर लगायतका नारा लगाउँदै सरकार र प्रमुख प्रतिपक्षी दलको विरोध गरे । घेराउसँगै आयोजित कोणसभामा सङ्घीय समाजवादी फोरमका अध्यक्ष धरेन्द्र यादव, थरूहट मोर्चाका राधेश्याम चौधरी, मोर्चाका संयोजक मुकुरजी गिरीलगायतले मन्तव्य व्यक्त गर्दै कुनै पनि हालतमा स्थानीय निर्वाचन हुन नदिने चेतावनीसमेत दिए ।
- **वैशाख ३ गतेः सप्तरी**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सप्तरीले वैशाख ३ गते राजविराज नपा-८ स्थित सडक छेकेर जिल्ला निर्वाचन कार्यालयमा धर्ना दिएको छ । मोर्चाको माग सम्बोधन हुने गरी संविधान संशोधन नभएसम्म चुनाव हुन नदिने भन्दै मोर्चाका नेता, कार्यकर्ताहरूले बिहान १० बजेदेखि ४ बजेसम्म सडकमा पाल टाँगेर निर्वाचन कार्यालय घेराउ गरी धर्ना दिएका हुन् ।
- **वैशाख ५ गतेः काठमाडौं**
  मधेसी मोर्चा र संघीय गठबन्धनले बैशाख ५ गतेदेखि आन्दोलन गर्ने घोषणा गरेका छन् । चुनावलाई बिथोल्ने उद्देश्यले मधेस थरुहट लिम्बुवान बन्ददेखि नेपालबन्दसम्मका कार्यक्रम घोषणा गरिएका छन् । मधेसी मोर्चा र संघीय गठबन्धनले घोषणा गरेको आन्दोलनका कार्यक्रममा बैशाख ५ गते जिल्ला सदरमुकाममा मसाल जुलुस गर्ने, ७ गते लाठी जुलुस निकाल्ने र ९ गतेदेखि १२ गतेसम्म विभिन्न ठाउँमा आमसभा गर्ने बताइएको छ । बैशाख १२ देखि २७ गतेसम्म क्षेत्रीय स्तरका बन्दहरु र लाठी तथा मसाल जुलुसका कार्यक्रम छन् । २७ गतेदेखि चुनावलाई लक्षित गरेर आम हडताल गर्ने जनाइएको छ । चुनावमा उम्मेदवारी दर्ता गर्ने दिन बैशाख १६ गतेसमेत बन्दको घोषणा गरिएको छ ।[४]

---

[३] http://inseconline.org/np/wp-content/uploads/2017/03/Monthly-Analysis-February-Nepali-Final.pdf
[४] http://www.onlinekhabar.com/2017/04/571681/



**Secretariat**
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org

- **वैशाख ५ गतेः मोरङ र महोत्तरी**
  संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले वैशाख ५ गते विराटनगरमा र महोत्तरीमा मसाल जुलुस प्रदर्शन गरी निर्वाचन बिथोल्ने र मधेसमा कुनै पनि हालतमा निर्वाचन हुन नदिने जनायो ।
- **वैशाख ५ गतेः जुम्ला**
  राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल जुम्लाले वैशाख ५ गते प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवको पुत्ला जलाएको छ । निर्वाचन आयोगले राप्रपाको विधानबाट हिन्दु राष्ट्र र संवैधानिक राजसंस्थाको व्यवस्था हटाउने निर्णय गर्नु अराजनैतिक र असवैधानिक कार्य भएको आरोप लगाउँदै राप्रपा जुम्लाले प्रमुख निर्वाचन आयुक्त डा. यादवको पुत्ला जलाएको हो ।
- **वैशाख ५ गतेः काठमाडौँ**
  प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले सिङ्गो मुलुक स्थानीय तहको निर्वाचनको अन्तिम तयारीमा जुटेका बेला निर्वाचन आचारसंहिताविपरीत केही मन्त्रालयबाट निर्वाचनलाई लक्षित गरी नयाँ कार्यक्रमका लागि बजेट रकमान्तरण भइरहेको जनाउँदै त्यसलाई रोक्न २०७४ वैशाख ७ गते आयोगको ध्यानाकर्षण गराएको छ । एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङको नेतृत्वमा आयोग पुगेको टोलीले प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव र आयुक्तलाई भेटी निर्वाचनको सुनिश्चितताबारे पनि आवश्यक जानकारी माग गरेको थियो । माओवादी पूर्व लडाकुका नाममा अर्थ मन्त्रालयबाट शान्ति तथा पुनःनिर्माणमा बजेट निकासा भएको, खेलकुद मन्त्रालयअन्तर्गत नयाँ कार्यक्रमको नाममा बजेट रकमान्तरण गरिएको तथा रोल्पामा विभिन्न सडक निर्माण गर्न करोडौँ बजेट निकासाका लागि तयार गर्दै गरेको प्रमाणसहितको ठोस काजजात सो अवसरमा प्रस्तुत गरिएको नेकपा एमालेले जनाएको छ ।[५]
- **वैशाख ५ गतेः काठमाडौँ**
  मधेसकेन्द्रित ६ दलको एकताबाट बनेको राष्ट्रिय जनता पार्टी घोषणा सभालाई वैशाख ७ गते सम्बोधन गर्दै शरदसिंह भण्डारीले चुनाव भएको ठाउँमा नेपाल हुन्छ बाँकी ठाउँ के हुन्छ? भनी संबोधन गरेका थिए । एकतापछि संसदमा २५ सिटको हैसियत बनाएको पार्टीका अध्यक्ष मण्डलका नेता भण्डारीले अब आफ्नो दलको सहमति बिना सरकारले केही पनि गर्न नसक्ने बताए । हाम्रो सहमति र सहभागिता बिना चुनाव गराउन सक्नु हुन्छ?,' भण्डारीले प्रमुख दललाई चुनौति गर्दै भने, 'गर्न सक्नु हुन्छ भने चुनाव गराएर देखाउनुस् । तर, संविधान संशोधन बिना हामीलाई चुनावमा सहभागी हुन नभन्नुस् । 'बल प्रयोग गरेर चुनाव गराउँछु, जसरी पनि चुनाव गराउँछु भन्नेहरूको इतिहास म्युजियममा सुरक्षित छ,' भण्डारीले चुनौति दिए, 'कसैलाई बल प्रयोग गरेर चुनाव सम्भव छ भन्ने लागेको भए मधेसमा चुनाव गराएर देखाए हुन्छ।'[६]

**वैशाख ५ गते मधेसका विभिन्न जिल्लाहरू**

मधेसी मोर्चाका कार्यकर्ताले वैशाख ७ गते मधेसका बारा, पर्सा, रौतहट, धनुषा, महोत्तरी, कपिलवस्तु, सिराह, सप्तरी जिल्लामा लाठी जुलुस प्रदर्शन गरेको छ । जुलुसका सहभागी सबैले हातहातमा लाठी र भाटा बोकेका थिए । संविधान संशोधन बिना निर्वाचन नगर्न उनीहरूले माग गर्दै प्रदर्शन गरेको बताए । मधेसी मोर्चाका नेता तथा कार्यकर्ताहरूले निर्वाचन कार्यालय समेत केहीबेर घेराउ गरेका थिए ।

- **वैशाख ५ गतेः बारा**
  बाराको सिद्धेश्वर विद्यालयमा म्यादी प्रहरीको तालिम चलिरहेको स्थानमा पुगेर मोर्चाका कार्यकर्ताले वैशाख ८ गते शुक्रवारदेखि तालिममा सहभागी नहुन चेतावनी दिए ।
  **वैशाख ७ गतेः रुपन्देही**
- मोर्चाले वैशाख ७ गते सेमरीमाई, मर्चवारीमाई र कोटहीमाई गाउँपालिका कार्यालयको साईनबोर्ड हटाएर तालाबन्दी गरेको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा रुपन्देहीका अध्यक्ष महेन्द्र यादवले बताए ।
- **वैशाख ७ गतेः सप्तरी**
  मोर्चाका संयोजक दिनेशकुमार यादवको नेतृत्वमा पुगेका मोर्चा कार्यकर्ताहरूले वैशाख ७ गते जिल्ला समन्वय समितिको कार्यालय र राजविराज नगरपालिकाको कार्यालयका प्रमुखको र प्रशासन कक्षमा तालाबन्दी । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सप्तरीका कार्यकर्ताले चैत नेकपा (एमाले) का समर्थकहरूलाई सप्तरी जिल्लामा सामाजिक बहिष्कार गर्न आह्वान गर्दै घरहरूमा ढुङ्गामुढा गर्न थालेपछि परिचित नेताहरूले राजविराज बजार छाडेका छन् ।
- **वैशाख ७ गतेः रौतहट**
  रौतहटमा नेकपा एमालेका केन्द्रीयस्तरका नेता तथा सभासद्हरू उपस्थित भएको कार्यक्रम बिथोल्ने र अवरोध पुऱ्याउने कार्यहरू भएका छन् । २०७४ वैशाख ७ गते जिल्ला सदरमुकाम गौरमा एमालेका सांसद् रामकुमार भट्टराई संलग्न रहेको बैठकमा मधेसी मोर्चाका कार्यकर्ताहरूले ढुङ्गा प्रहार गरेका कारण प्रहरीले लाठी प्रहार गर्नुका साथै अश्रुग्याँससमेत प्रहार गरी उनलाई सुरक्षित राख्नु परेको थियो ।

---

[५] http://inseconline.org/np/news/%E0%A4%86%E0%A4%9A%E0%A4%BE%E0%A4%B0%E0%A4%B8%E0%A4%82%E0%A4%B9%E0%A4%BF%E0%A4%A4%E0%A4%BE

[६] http://www.pahilopost.com/content/-31127.html



**Secretariat**
Citizen's Campaign for Clean Election (CCCE)
इन्सेक INSEC
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org

बहिष्कृत पूर्व लडाकु नेपाल
सामुदायिक रेडियो प्रसारक संघ
निर्वाचनका लागि युवा, साझा अभियान
निर्वाचन पर्यवेक्षण समिति
नेपाल मानव अधिकार सङ्गठन
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**निष्कर्ष**

अरु राजनीतिक दलले आयोजना गरेको चुनावी सभा, जुलुस, ऱ्याली जस्ता कार्यक्रमहरूमा अवरोध गर्न नहुने निर्वाचन आचार संहिता २०७० को बुँदा नं. ३० को प्रावधान विपरीत विशेषत मधेसका जिल्लाहरूमा त्रास सिर्जना गर्ने किसिमका गतिविधि हुन थालेकोमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान चिन्ता व्यक्त गर्दछ ।

यसैगरी, निर्वाचन आचारसंहिता २०७३ ले परिच्छेद २ को बुँदा नं. २९ ले हात-हतियार वा विस्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न नपाइने प्रावधान छ । तर, यसको विपरीत विभिन्न कृयाकलाप भएका  अभिलेख गरिएको छ । जनतालाई भयग्रस्त तुल्याउने उद्देश्यले निर्वाचन बहिस्कारको घोषण गर्दै आएको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र नेपाल कम्युनिष्ट पार्टीसहितको कार्यकर्ताका गतिविधिले जनतामा त्रास सिर्जना गरेको छ ।

लोकतन्त्रमा नागरिकको मन जितेर मतका माध्यमबाट शासन गर्नुपर्नेमा बाहुबलका माध्यमबाट राजनीति सञ्चालन गर्न खोज्दा अराजकता र दण्डहीनताले ठाउँ पाउने स्पष्टै छ ।



**Secretariat**
Citizen's Campaign for Clean Election (CCCE)
इन्सेक INSEC
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org